सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# स्वतः प्रकाशन (२०८३ वैशाख देखि २०८३ असार)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि विकास कार्यालय

धुलिखेल, काभ्रेपलान्चोक
Web: www.kavre.ado.gov.np
Email : adokavre@gmail.com


## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## सूचना सार्वजनिक गर्ने निकायको नामः कृषि विकास कार्यालय, धुलिखेल, काभ्रेपलान्चोक

## सूचना सार्वजनिक गरेको अवधिः २०८३ वैशाख देखि २०८३ असार

### १. निकायको संगठनात्मक स्वरुप र प्रकृति

कृषि विकास कार्यालय, काभ्रेपलान्चोक बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको सरकारी निकाय हो । यस कार्यालयको कार्यक्षेत्र काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्ला रहेको छ । यसको संगठनात्मक स्वरुप यस प्रकार रहेको छ ।



## २. निकायको काम, कर्तव्य र अधिकार

कृषि विकास कार्यालय , काभ्रेपलान्चोकको कार्यविवरण देहाय बमोजिम रहेको छ ।

- नविनतम् कृषि प्रविधि प्रसारको लागि आवश्यक कृषि प्रसार शैक्षिक कृयाकलापहरु संचालन गर्ने
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक तथा व्यवसायिक कृषक र व्यवसायीहरुको लागि कृषि सम्बन्धि विशिष्टिकृत ज्ञान शीप प्रदान गर्न एडभान्स तालिम संचालन गर्ने,
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा प्रदान गर्ने,
- प्रादेशिक प्रयोगशालाहरुसंगको प्राविधिक सहकार्यमा माटो, मल, बाली संरक्षण र बीउविजन परीक्षण सम्बन्धि सामान्य प्रयोगशाला सेवा प्रदान गर्ने,
- प्रदेश सरकार मार्फत संचालन हुने कृषि विकास तथा कृषि व्यवसाय प्रवर्द्धनका कार्यक्रमहरु कार्यान्वयन एवं सहजिकरण गर्ने,
- आर्थिक महत्वका स्थानीय कृषि जैविक विविधताको पहिचान, संरक्षण एवं संवर्द्धन गर्ने,
- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परिक्षण तथा भ्यालिडेसन परिक्षणहरु सञ्चालन गर्ने,
- जिल्ला तथा स्थानीय स्तरमा बीउविजन तथा नर्सरीको श्रोत केन्द्रहरुको विकास गर्ने,
- स्थानीय तहसंगको समन्वय र सहकार्यमा नियमित रुपमा जिल्लाको समग्र कृषि वस्तुस्थिति सम्बन्धि तथ्याङ्क, सूचन संकलन तथा अद्यावधिक गरी अभिलेखिकरण गर्ने,
- नेपाल कृषि अनुसन्धान परिषदको बाह्य अनुसन्धान स्थल (Outreach Site) को रुपमा कार्य गर्ने,
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्र भित्रका पकेट, ब्लक, जोन तथा सुपरजोनहरुको लागि प्राविधिक सेवा टेवा प्रदान गर्ने,
- एग्रो इकोलोजिकल जोन अनुसारको प्राथमिकता प्राप्त बाली वस्तुहरुको विकास एवं प्रवर्द्धनको लागि योजना तर्जुमा, मूल्य अभिवृद्धि श्रंखला विकास गरी कार्यान्वयन तथा समन्वय गर्ने,
- आफ्नो कमाण्ड क्षेत्रभित्र कृषि उद्यम तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने,
- किसान कल सेन्टर सञ्चालन गर्ने,
- समग्र कृषि विकासको विषयमा संघ, प्रदेश र स्थानीय तहबीच पुलको काम गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या

| क.स | पद | तह | समूह | दरवन्दी संख्या | पदपुर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | वरिष्ठ कृषि विकास अधिकृत | नवौं/दशौं (प्रा.) | बाली विकास | १ | १ | - | |
| २. | कृषि प्रसार अधिकृत | सातौं (प्रा.) | कृषि प्रसार | ३ | ३ | - | |
| ३. | कृषि अर्थ विज्ञ | सातौं (प्रा.) | एगृ इको मार्केटिङ्ग | १ | - | १ | |
| ४. | बागवानी विकास अधिकृत | सातौं (प्रा.) | बागवानी | १ | १ | - | |
| ५. | बाली विकास अधिकृत | सातौं (प्रा.) | बाली विकास | १ | १ | | |
| ६. | बाली संरक्षण अधिकृत | सातौं (प्रा.) | बाली संरक्षण | १ | १ | - | |
| ७. | सहायकस्तर पाँचौ/अधिकृतस्तर छैठौं | पाँचौ/छैठौं (प्रा.) | विभिन्न | ४ | ४ | - | |
| ८. | लेखापाल | पाँचौ/छैठौं | सामान्य प्रशासन | १ | १ | - | |
| ९ | प्रशासन सहायक | पाँचौ | सामान्य प्रशासन | १ | १ | - | |

| क्र.स | पद | तह | समूह | दरवन्दी संख्या | पदपुर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १० | कार्यलय सहयोगी | श्रेणी विहिन | सामान्य प्रशासन | ३ | ३ | | १ जना करार |
| ११ | हलुका सवारी चालक | श्रेणी विहिन | सामान्य प्रशासन | १ | १ | - | करार |
| | **जम्मा** | | | **१८** | **१७** | **१** | |

## ४. निकायबाट प्रदान गरिने सेवा

- प्राविधिक सेवा टेवा तथा उन्नत कृषि प्रविधि प्रसार
- कृषक स्तर सीप/क्षमता विकास तालिम तथा अभिमुखिकरण
- सचेतनामूलक कार्यक्रम
- कृषि सूचना/तथ्याङ्क संकलन, अद्यावधिक एवं प्रकाशन
- आकस्मिक बाली संरक्षण सेवा/बाली उपचार शिविर संचालन
- माटो परिक्षण सहजिकरण
- कृषि प्रवर्द्धन तथा विकास कार्यक्रमहरु संचालन
- कृषकहरुलाई अनुदान तथा प्रोत्साहन सहयोग
- साना सिंचाइ सहयोग
- कृषि यान्त्रिकरण प्रवर्द्धन,
- बीउ उत्पादन श्रोत केन्द्रहरुको विकास एवं प्रोत्साहन
- स्थानीय तहका कृषि प्राविधिकहरुलाई प्राविधिक पृष्ठपोषण, आदि

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी

**प्रसाशन शाखा**

**लेखा फाँट**

- कार्यालयको विनियोजन, खर्च, राजश्व तथा धरौटीको लेखा राख्ने
- मासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने
- आन्तरिक तथा अन्तिम लेखा परिक्षण गर्ने गराउने

**प्रशासन फाँट**

- कार्यालयका कर्मचारीहरुको दैनिक प्रसाशनिक व्यवस्थापन गर्ने
- कार्यालयको जिन्सी सामाग्री व्यवस्थापन गर्ने
- कार्यालयको नियमित मासिक वैठक संचालन गर्ने
- कार्यालयमा प्राप्त एंव प्रेषण गरिएका पत्रहरुको अभिलेख राख्ने

**योजना, अध्ययन तथा तथ्याङ्क शाखा**

- सबै शाखाहरु संगको समन्वयमा कार्यालयको वार्षिक कृषि विकास कार्यक्रम, बजेट तथा योजना तर्जुमा गरि PLMBIS मा प्रविष्टि गर्ने ।
- वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न स्थानीय तह, जनप्रतिनिधिहरु, कृषक प्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरुसंग समन्वय एवं अन्तरकृया/छलफल संचालन गर्ने ।
- वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गर्ने ।
- कार्यालयबाट सम्पादन भएका कार्यहरुको चौमासिक तथा वार्षिक प्रगति विवरणहरु अन्य शाखाहरुसंगको समन्वयमा तयार गर्ने ।

- मन्त्रालय र निर्देशनालयबाट परिपत्र भए अनुसारको विवरण तथा प्रतिवेदनहरु कार्यालय प्रमुखको निर्देशानुसार तयार गरि पठाउने ।
- स्थानीय तह र सम्बन्धित निकायहरुसंग समन्वय गरि जिल्लाको समग्र कृषि तथ्याङ्क नियमित संकलन, व्यवस्थापन र अद्यावधिक गर्ने ।
- कृषि कर्जा एवं बाली विमा सम्बन्धि कार्यमा आवश्यक समन्वय र सहजिकरण ।
- कृषि बजार व्यवस्थापन तथा बजार विकास सम्बन्धि कार्यमा आवश्यक सहजिकरण गर्ने ।
- जिल्लामा उत्पादन हुने मुख्य कृषि उपजहरुको मूल्य निर्धारण कार्यमा समन्वय तथा सहजिकरण गर्ने ।
- वार्षिक पुस्तिका, लाभग्राही विवरण पुस्तिका, प्रविधि पुस्तिका लगायतका पुस्तिकाहरु प्रकाशन एवं प्रचार प्रसार गर्ने ।
- कार्यालयबाट संचालन हुने वार्षिक स्विकृत कार्यक्रमहरु मध्ये जिम्मेवारी प्राप्त भएका कार्यक्रमहरुको आवश्यक सूचना प्रकाशन, प्राप्त आवेदनहरुको स्थलगत भेरिफिकेशन, सम्झौता तथा कार्यान्वियन संग सम्वन्धित क्रियाकलापहरुको सघन रुपमा स्थलगत अनुगमन एंव निरिक्षण गरि प्रगति तथा उपलब्धि मापन र अभिलेखिकरण गर्ने ।
- सरकारी/गैह्र सरकारी संस्था, अनुसन्धान केन्द्र एंव कम्पनीहरु संग समन्वय गरि प्रविधि प्रसार, अध्ययन, परिक्षण सम्वन्धी क्रियाकलापहरु संचालन गर्ने/गराउने ।
- कार्यालयको सूचना अधिकारीको रुपमा कार्य गर्ने ।
- कार्यालयको नियमित बैठक संचालन/व्यवस्थापन गर्न तथा निर्णयहरु लेखन एंव यथोचित कार्यान्वयन गर्न कार्यालय प्रमुखलाई आवश्यक सहयोग गर्ने।

**विशेषज्ञ सेवा शाखा**

- बाली संरक्षण संग सम्वन्धित प्रविधि प्रसार एंव परामर्श उपलव्ध गर्ने/गराउने ।
- विषादी अवशेष द्रुत परिक्षण प्रयोगशालाको प्रमुखको रुपमा प्रयोगशाला संचालन तथा व्यवस्थापन सम्वन्धि आवश्यक कार्यहरु गर्ने/गराउने ।
- केन्द्रको कार्य क्षेत्र भित्रका विषादी व्यावसायीहरुको विवरण अद्यावधिक गर्ने, व्यवसाय इजाजत नविकरणका लागि सिफारिश गर्ने तथा नियमीत निरिक्षण गरि नविकरण नगरेको पाइएमा प्रचलित नियमानुसार इजाजत पत्र जफतको प्रक्रिया अगाडी बढाउन आवश्यक सिफारिश गर्ने ।
- विभिन्न बालीमा देखापरेका रोग किराको पहिचान गरी कृषकलाई उचित प्राविधिक सल्लाह र सुरक्षित विषादी प्रयोग गर्न सिफारिस गर्ने ।
- कृषि उद्यम तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरूको लागि प्राविधिक तथा व्यवसायिक कार्ययोजना तयार गर्न आवश्यक सहयोग गर्ने/गराउने ।
- बाली संरक्षण संग सम्वन्धित प्रविधि पुस्तिकाहरु प्रकाशन एवं प्रचार प्रसार गर्न सहयोग गर्ने ।
- स्थानिय तहमा कार्यरत कृषि प्राविधिक एवं कृषकहरुका लागि आवश्यक प्राविधिक परामर्श सेवा प्रदान गर्ने ।
- बागवानी संग सम्वन्धित प्रविधिको नियमीत रुपमा प्रचार प्रसार प्रदर्शन तथा परामर्श सेवा उपलव्ध गराउने
- वार्षिक कृषि विकास कार्यक्रम संचालन गर्दा स्थानीय तह, जनप्रतिनिधिहरु, कृषक प्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरुसंग आवश्यक समन्वय गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमाका लागि आवश्यक प्राविधिक पृष्ठपोषण उपलव्ध गराउने ।
- कार्यालयबाट संचालन हुने वार्षिक स्विकृत कार्यक्रमहरु मध्ये जिम्मेवारी प्राप्त भएका कार्यक्रमहरुको आवश्यक सूचना प्रकाशन, प्राप्त आवेदनहरुको स्थलगत भेरिफिकेशन, सम्झौता तथा कार्यान्वियन संग सम्वन्धित क्रियाकलापहरुको सघन रुपमा अनुगमन निरिक्षण गरि प्रगति तथा उपलब्धि मापन र अभिलेखिकरण गर्ने।
- सरकारी/गैह्र सरकारी संस्था, अनुसन्धान केन्द्र हरु एंव कम्पनीहरु संग समन्वय गरि बागवानी सम्वन्धि प्रविधि प्रसार, अध्ययन तथा परिक्षण सम्वन्धित क्रियाकलापहरु संचालन गर्ने गराउने ।

**तालिम तथा प्रसार शाखा**

- कृषि प्राविधिक, कृषकहरुका लागि क्षमता अभिवृद्धी गर्न तालिम, गोष्ठी तथा भ्रमण जस्ता कार्यक्रमहरु संचालन तथा व्यवस्थापन सम्बन्धि आवश्यक कार्यहरु गर्ने/गराउने।
- केन्द्रमा रहेको माटो परिक्षण प्रयोगशालाको प्रमुखको रुपमा रहि माटोको नमुना परिक्षण विश्लेषण तथा नतिजा प्रतिवेदन तयार गरि लाभग्राहीलाइ उपलव्ध गराउने
- कार्यालयको वार्षिक कृषि विकास कार्यक्रम, बजेट तथा योजना तर्जुमा गर्नका लागि आवश्यक पृष्ठपोषण दिने।
- कृषि प्रविधि सम्वन्धि प्रचार प्रसारका लागि स्थानीय तहका कृषि प्राविधिकहरु, कृषकहरु तथा कृषिसँग सम्बन्धित अन्य सरोकारवालाहरुसंग नियमित रुपमा अन्तरकृया/छलफल गर्ने।
- तालिम तथा प्रसार शाखाबाट सम्पादन भएका कार्यक्रमहरुको प्रतिवेदन तयार गर्ने ।
- आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परीक्षण तथा सिफारिस गर्ने/गराउने।
- कृषि उद्यम तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरूको लागि प्राविधिक तथा व्यवसायिक कार्ययोजना तयार गर्न सहयोग गर्ने/गराउने।
- कार्यालयबाट संचालन हुने वार्षिक स्विकृत कार्यक्रमहरु मध्ये जिम्मेवारी प्राप्त भएका कार्यक्रमको आवश्यक सूचना प्रकाशन, प्राप्त आवेदनहरुको स्थलगत भेरिफिकेशन, सम्झौता तथा कार्यान्वयन संग सम्वन्धित क्रियाकलापहरुको सघन रुपमा स्थलगत अनुगमन निरिक्षण गरि प्रगति तथा उपलब्धि मापन र अभिलेखिकरण गर्ने।
- प्रविधि पुस्तिकाहरु प्रकाशन एवं प्रचार प्रसारमा आवश्यक समन्वय गर्ने।
- सरकारी/गैह्र सरकारी संस्था, अनुसन्धान केन्द्र हरु एंव कृषिसँग सम्बन्धित कम्पनीहरु संग समन्वय गरि प्रविधि प्रसार सम्बन्धी क्रियाकलापहरु संचालन गर्ने/गराउने ।
- स्थानिय तहमा कार्यरत कृषि प्राविधिक एवं कृषकहरुका लागि प्राविधिक परामर्श सेवा प्रदान गर्ने/गराउने।
- बीउ विजन बिक्रेताहरुका लागि बीउ विजन उत्पादन तथा व्यवस्थापन तालिम संचालन गर्नका लागि सम्वन्धित निकाय संग आवश्यक समन्वय गर्ने तथा बीउ विजन बिक्रेता व्यवसायीको दर्ता तथा नविकरण कार्य गर्ने/ गराउने ।
- नियमित रुपमा कार्यालयको कमाण्ड क्षेत्र भित्र रहेका बीउ व्यावसायी तथा बीउ उत्पादकहरुको अनुगमन निरिक्षण गरि सोको प्रतिवेदन सम्वन्धित निकायमा पठाउने व्यवस्था मिलाउने ।
- बीउ उत्पादक समुह/सहकारी/फार्म संगको समन्वयमा बीउ उत्पादन तथा व्यवस्थापन योजना तयार गरि आवश्यक श्रोत बीउको परिमाण आंकलन गर्ने तथा सो सम्वन्धि प्रतिवेदन सम्वन्धित निकायमा नियमति रुपमा पठाउने ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयबाट प्रदान गरिने अधिकांश सेवाहरु निःशुल्क र केहि सिमित सेवाहरु नियमानुसार लाग्ने दस्तुर लिई प्रदान गरिने छ र सो को लागि सेवाको प्रकृति अनुसार तुरुन्तै वा वढीमा एक हप्ता अवधी लाग्नेछ । यस सम्बन्धि विस्तृत विवरण तल तालिका मा नागरिक बडापत्रमा उल्लेख गरिएको छ ।

## नागरिक वडापत्र (Citizen Charter)

| क्र.स. | सेवाको प्रकृति तथा विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | लाग्ने दस्तुर | लाग्ने समय अवधि | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी शाखा र कार्यकक्ष | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क. | दर्ता तथा नवीकरण | | | | | | |
| १. | बीउ बिजन व्यवसाय संचालन इजाजत पत्र/ नविकरण पत्र | • बीउ बिजन नियमावली २०८१ को अनुसुचि ११ बमोजिमको निवेदन,<br>• बीउ उत्पादन था व्यवस्थापन तालिममा सहभागि भएको प्रमाणपत्र,<br>• संचालक/प्रोप्राइटरको नागरिकताको प्रतिलिपि,<br>• संचालक/प्रोप्राइटरको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि<br>• स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्रको प्रतिलिपि,<br>• व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि साथै रु १० को टिकट साथ निवेदन | ४०० | सोहि दिन | बाली विकास अधिकृत, विशेषज्ञ सेवा शाखा | कार्यालय प्रमुख | |
| ख. | सिफारिसहरु | | | | | | |
| १. | कृषि बीमा सिफारिस | • रु १० को टिकट साथ निवेदन<br>• क्षति मूल्याँकनकर्ताबाट क्षति मूल्याङ्कन प्रतिवेदन<br>• निवेदकको नेपाली नागरिकताको प्रतिलिपी<br>• क्षति भएको बाली/वस्तुको फोटोहरु | निशुल्क | सोहि दिन स्थलगत निरीक्षण गर्नुपर्ने भएमा ६ कार्यदिन | कृषि प्रसार अधिकृत, विशेषज्ञ सेवा शाखा | कार्यालय प्रमुख | |
| २. | खुद्रा विषादी विक्रेता | • रु १० को टिकट सहितको निवेदन,<br>• खुद्रा विषादी विक्रेता | निशुल्क | सोही दिन | बाली संरक्षण अधिकृत, विशेषज्ञ सेवा | कार्यालय प्रमुख | |

| क्र.स. | सेवाको प्रकृति तथा विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | लाग्ने दस्तुर | लाग्ने समय अवधि | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी शाखा र कार्यकक्ष | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | इजाजतपत्र | तालिममा सहभागि भइ उत्तीर्ण भएको प्रमाणपत्रको प्रतिलिपी<br>• संचालक/प्रोप्राइटरको नागरिकताको प्रतिलिपि,<br>• स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्रको प्रतिलिपि | | | शाखा | | |
| ३ | खुद्रा विषादी विक्रेता इजाजतपत्र नवीकरण | • रु १० को टिकट सहितको निवेदन,<br>• संचालक/प्रोप्राइटरको नागरिकताको प्रतिलिपि,<br>• स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्रको प्रतिलिपि,<br>• वार्षिक कारोवारको विवरण<br>• अघिल्लो आ.व. सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि<br>• खुद्रा विषादी विक्रेता इजाजतपत्रको प्रतिलिपि | निशुल्क | सोहि दिन | बाली संरक्षण अधिकृत, विशेषज्ञ सेवा शाखा | कार्यालय प्रमुख | |
| ग. | साना सिचाई कार्यक्रम | | | | | | |
| १. | निवेदन दर्ता | • रु १० को टिकट सहितको साना सिचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका २०६१ को अनुसूचि-१ बमोजिम निवेदन माग फाराम<br>• रु.१०० को राजश्व दाखिला भौचर<br>• सम्बन्धित स्थानिय तहको सिफारिस,<br>• संस्थाको निर्णयको प्रतिलिपि<br>• संस्था दर्ता, नवीकरण, | कार्यविध बमोजिम | सोहि दिन | कृषि प्रसार अधिकृत, तालिम तथा प्रसार शाखा | कार्यालय प्रमुख | |

| क्र.स. | सेवाको प्रकृति तथा विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | लाग्ने दस्तुर | लाग्ने समय अवधि | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी शाखा र कार्यकक्ष | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | स्थायी लेखा नम्बर, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी<br>• अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी | | | | | |
| २. | आयोजना सम्झौता | • सम्झौता गरी पाउँ भनि निवेदन<br>• आवेदक संस्था/समूह/समिति मूल्याँकन समितिबाट छनोट भएको हुनुपर्ने<br>• बैठक निर्णय प्रतिलिपि<br>• अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी<br>• संरचना निर्माण गर्ने भए स्थानिय तहको निर्माण प्राविधिकले तयार गरेको लागत अनुमान विवरण | निशुल्क | ४५ कार्य दिन | कृषि प्रसार अधिकृत, तालिम तथा प्रसार शाखा | कार्यालय प्रमुख | |
| ३. | अनुदान/प्रोत्साहन/ सहजिकरण रकम भुक्तानी | • भुक्तानी पाउँ भन्ने निवेदन<br>• प्रमाणित बिल भर्पाईहरु,<br>• सार्वजनिक सुनुवाई प्रतिलिपि,<br>• कार्यक्रमका तस्बिरहरु<br>• सम्बन्धित स्थानीय तहको सिफारिस<br>• निर्माण प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन<br>• भुक्तानीको लागि निर्णय प्रतिलिपि तथा अख्तियारी | निशुल्क | ७ कार्यदिन | कृषि प्रसार अधिकृत, तालिम तथा प्रसार शाखा | कार्यालय प्रमुख | |

| क्र.स. | सेवाको प्रकृति तथा विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | लाग्ने दस्तुर | लाग्ने समय अवधि | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी शाखा र कार्यकक्ष | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | • प्रतिवद्धता पत्र<br>• बैंक स्टेटमेन्ट<br>• कृषि विकास कार्यालय का प्राविधिकहरुको अनुगमन रिपोर्ट | | | | | |
| घ. | राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | | | | | | |
| १. | निवेदन दर्ता | • राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७१(दोस्रो संशोधन २०७५)को अनुसूचि २ अनुसारको रु १० को टिकट को साथ निवेदन र अनुसूचि ३ अनुसारको फाराम<br>• संचालन गरेको कृर्याकलापहरुको तस्वीरहरु रंङ्गीन धुलाइ गरेको तस्बीरहरु | निशुल्क | सोहि दिन | कृषि अर्थ विज्ञ /योजना, अध्ययन तथा तथ्याङ्क शाखा | कार्यालय प्रमुख | |
| २. | छनोट, पुरस्कार एवंम सम्मान | • प्राविधिक उपसमितिको स्थलगत फिल्ड निरिक्षण साथै मूल्याङ्कन प्रतिवेदनको आधारमा छनोट भएको हुनुपर्ने | निशुल्क | ४५ दिन | कृषि अर्थ विज्ञ /योजना, अध्ययन तथा तथ्याङ्क शाखा | कार्यालय प्रमुख | |
| ङ. | ब्लक विकास कार्यक्रम | | | | | | |
| १. | निवेदन दर्ता | • रु १० को टिकट सहितको निवेदन<br>• सम्बन्धित निकायमा संस्था दर्ता एवंम नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि<br>• कार्यक्रम सञ्चालन हुने स्थानको स्वामित्व | निशुल्क | सोहि दिन | कृषि प्रसार अधिकृत/तालिम तथा प्रसार शाखा | | |

| क्र.स. | सेवाको प्रकृति तथा विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | लाग्ने दस्तुर | लाग्ने समय अवधि | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी शाखा र कार्यकक्ष | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा<br>• निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि<br>• कार्यसमितिको निर्णयको प्रतिलिपि | | | | | |
| २. | आयोजना सम्झौता | • सम्झौता गरी पाउँ भन्ने निवेदन<br>• बैठक निर्णय प्रतिलिपि<br>• अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी<br>• कार्ययोजना | निशुल्क | ४५ कार्य दिन | कृषि प्रसार अधिकृत/तालिम तथा प्रसार शाखा | कार्यालय प्रमुख | |
| च. | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्दन | | | | | | |
| १. | निवेदन दर्ता | • रु.१० को हुलाक टिकट टाँस गरेको कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ को अनुसूचि-२ बमोजिमको निवेदन र अनुसूचि-३ बमोजिमको प्रतिबद्धता पत्र<br>• मेसिनरी सम्बन्धि तालिम लिइएको भए तालिमको प्रमाणपत्रको प्रतिलिपि<br>• संस्था/फर्म दर्ता, | निशुल्क | सोहि दिन | कृषि अर्थ विज्ञ, योजना, अध्ययन तथा तथ्याङ्क शाखा | कार्यालय प्रमुख | |

| क्र.स. | सेवाको प्रकृति तथा विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | लाग्ने दस्तुर | लाग्ने समय अवधि | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी शाखा र कार्यकक्ष | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | नवीकरण, स्थायीलेखा नम्बर, करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि<br>• संस्थाको हकमा निर्णय प्रतिलिपि<br>• आवेदन प्रक्रियाको लागि जिम्मेवार दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र<br>• अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फोटो १ थान<br>• सम्बन्धित स्थानीय तह/वडाको सिफारिस<br>• कृषि जन्य जग्गाको लालपुर्जाको प्रतिलिपि | | | | | |
| २. | सम्झौता | • सम्झौता गरी पाउँ भन्ने विषयको निवेदन<br>• अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि<br>• लाभग्राहीले अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिबद्धता पत्र | निशुल्क | १५ कार्य दिन | कृषि अर्थ विज्ञ, योजना, अध्ययन तथा तथ्याङ्क शाखा | कार्यालय प्रमुख | |
| ३. | अनुदान/प्रोत्साहन/ सहजिकरण रकम भुक्तानी | • भुक्तानी पाउँ भन्ने विषयको निवेदन<br>• सुचिकृत आपूर्तिकर्ताबाट खरिद गरेको बिल<br>• स्थानीय तहको | निशुल्क | ७ कार्य दिन | सम्वन्धित शाखा तथा आर्थिक प्रशासन शाखा | कार्यालय प्रमुख | |

| क्र.स. | सेवाको प्रकृति तथा विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | लाग्ने दस्तुर | लाग्ने समय अवधि | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी शाखा र कार्यकक्ष | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सिफारिस<br>• यन्त्र उपकरण साथ कृषकको तस्बिर<br>• पान दर्ता प्रमाण पत्र<br>• बैकको स्टेटमेन्ट (समुह/सहकारीको भए सामाग्री वुझाएको भर्पाई<br>• संस्था दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, समुह सहकारीको निर्णय प्रतिलिपि) | | | | | |
| **छ.** | **कृषि विकास प्रवर्द्धन कार्यक्रम** (तरकारी, किवी, धान/मकै, च्याउ, मौरी, मसलाबाली, फलफूलबाली ) | | | | | | |
| १. | निवेदन दर्ता | • रु १० को हुलाक टिकट सहितको निवेदन<br>• कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९को अनुसूचि-२ बमोजिमको प्रस्ताव पत्र<br>• समूह/सहकारीको संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र र निवेदकको नेपाली नागरिकताको प्रतिलिपि<br>• समूह/सहकारीको कार्यक्रममा सहभागी हुने सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि<br>• कार्यक्रममा सहभागि हुने कृषकहरुको नाम र खेती गर्ने क्षेत्रफल खुलेको विवरण साथै खेती गर्ने जग्गाको | निशुल्क | सोहि दिन | तालिम तथा प्रसार/विशेषज्ञ सेवा शाखा/योजना तथा तथ्याङ्क शाखा | कार्यालय प्रमुख | |

| क्र.स. | सेवाको प्रकृति तथा विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | लाग्ने दस्तुर | लाग्ने समय अवधि | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी शाखा र कार्यकक्ष | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | लालपूर्जाको प्रतिलिपि<br>• सम्बन्धित स्थानीय तह/वडाको सिफारिस<br>• व्यवसायिक खेती गर्ने जमिन भाडामा लिइएको भए तरकारी र आलु बालीको हकमा कम्तिमा ५ वर्ष र फलफूल बालीको हकमा कम्तिमा १५ वर्षको जग्गा भाडा करारमा लिएको सम्झौतापत्रको प्रमाणित पत्रको प्रतिलिपि | | | | | |
| २. | सम्झौता | • सम्झौता गरी पाउँ भन्ने विषयको निवेदन<br>• सम्झौता गर्ने सम्बन्धि संस्थाको निर्णय र अख्तियारी<br>• कार्यक्रम सम्बन्धि सञ्चालन गर्ने क्रियाकलापहरुको विवरण<br>• अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि | निशुल्क | १५ कार्य दिन | तालिम तथा प्रसार/विशेषज्ञ सेवा शाखा/योजना तथा तथ्याङ्क शाखा | कार्यालय प्रमुख | |
| ३. | अनुदान/प्रोत्साहन/ सहजिकरण रकम भुक्तानी | • भुक्तानी पाउँ भन्ने विषयको निवेदन<br>• सम्पूर्ण बिल भर्पाईहरु<br>• सार्वजनिक सुनुवाई प्रतिलिपि<br>• कार्यक्रम सञ्चालनका तस्बिरहरु<br>• बैंक स्टेट्मेन्ट<br>• सम्बन्धित स्थानीय | निशुल्क | ७ कार्यदिन | सम्वन्धित शाखा तथा आर्थिक प्रशासन शाखा | कार्यालय प्रमुख | |

| क्र.स. | सेवाको प्रकृति तथा विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | लाग्ने दस्तुर | लाग्ने समय अवधि | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी शाखा र कार्यकक्ष | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | तहको सिफारिस<br>• संस्थाको स्थायी लेखा नम्बर र कर चुक्ता<br>• कार्यसम्पन्न प्रतिवेदन<br>• कृषि विकास कार्यालयका प्राविधिकहरुको स्थलगत अनुगमन प्रतिवेदन | | | | | |
| ज. | प्राविधिक सेवा | | | | | | |
| १ | बाली, वागवानी, बाली संरक्षण, माटो, कृषि प्रसार, बजार विकास | टेलिफोन, पत्राचार, कार्यालयमा सम्पर्क, फेसबुक, वेबसाइट, नमुना परिक्षण | निशुल्क | सोहि दिन | तालिम तथा प्रसार शाखा/विशेषज्ञ सेवा शाखा/योजना तथा तथ्याङ्क शाखा | कार्यालय प्रमुख | |
| २ | प्रयोगशाला सेवा (माटो, तथा द्रुत विषादी अवशेष ) | आवश्यक परिमाणमा माटो तथा ताजा कृषि उपजको नमुना | निशुल्क | ३ दिन सम्म | विशेषज्ञ सेवा शाखा | कार्यालय प्रमुख | |
| ३ | तालिम, गोष्ठी, भ्रमण तथा समन्वय सेवा | सेवाग्राहीको माग, व्यक्ति/संस्थाको मौखिक वा लिखित आधिकारिक पत्र तथा वार्षिक स्वीकृत कार्यक्रम अनुसार | निशुल्क | सेवाको प्रकृति तथा माग अनुसार | कृषि प्रसार अधिकृत तालिम तथा प्रसार शाखा | कार्यालय प्रमुख | |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस कार्यालयबाट निर्णय गर्दा स्वीकृत कार्यविधिहरु र "सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५" लाई परिपालन गर्ने गरिएको छ। अधिकार प्रत्यायोजन भएका विषयहरुमा शाखा प्रमुखहरुबाट तत्काल निर्णय हुने व्यवस्था मिलाईएको छ भने कार्यालय प्रमुखबाट हुनु पर्ने निर्णयहरुको हकमा टिप्पणी प्रकृया अबलम्बन गरिने छ । यसका अलावा आन्तरिक तथा नियमित कार्यहरु सम्पादनका लागी मासिक बैठकहरुमा समेत निर्णय गर्ने व्यवस्था मिलाईएको छ भने कतिपय विषयवस्तुलाई छिटो छरितो रुपमा सम्पादन गर्नुपर्ने अवस्थामा सेवाग्राहीको निवेदनमा नै तोकआदेश गरी निर्णय प्रकृयालाई द्रुत तथा कार्यान्वयनलाई छरितो वनाउने व्यवस्था मिलाईएको छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानुन बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा यस कार्यालयबाट गरिएका निर्णय उपर उजुरी गर्नु परेमा निर्णय गर्ने अधिकारी भन्दा एक श्रेणी माथीका अधिकारी समक्ष उजुरी गर्नु पर्ने छ । यसरी सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्ने छन् । प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा विश्लेषण गरी व्यवस्थापन गर्न कार्यालय प्रमुख लाई गुनासो सुन्ने अधिकारीको जिम्मेवारी प्रदान गरिएको छ ।

## ९. सम्पादन गरेको कामको विवरण

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| १ | जनप्रतिनिधिहरु, पत्रकार तथा सरोकारवालाहरुको उपस्थितिमा कार्यक्रम सार्वजनिकीकरण | संख्या | १ | १५० | सिन्धुपाल्चोक जिल्लाका जनप्रतिनिधिहरु, पत्रकार तथा सरोकारवालाहरु गरी ५० जनाको उपस्थितिमा यस कार्यालयबाट चालु आ.व. मा संचालन हुने कार्यक्रमहरुको जानकारी सरोकारवाला सबैमा सार्वजनिकीकरण गरिएको। | |
| २ | सरोकारवालाहरुसँगको समन्वयमा विभिन्न मेला/महोत्सव तथा दिवस (धान दिवस, विश्व खाद्य दिवस लगायत) कार्यक्रम संचालन | पटक | १ | २१० | सिन्धुपाल्चोक जिल्लाको सुनकोशी २ मा यस कार्यालय र पिंङडाडा कृषि सहकारीको समन्वय तथा स्थानिय कृषकहरुको उपस्थितिमा कोदोको परिकार बनाउने तथा | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | कोदो रोप्ने कार्यक्रमका साथ सम्पन्न भएको। निजामती सेवा दिवस मनाउने कार्यक्रममा "परिवर्तित शासकिय स्वरूप र निजामती सेवा र कृषिमा सेवा प्रवाह" शिर्षकमा निबन्ध लेखन प्रतियोगीता सम्पन्न जसमा ४ जना सहभागीहरू सम्मिलित भएका साथै व्याडमिन्टन प्रतियोगीतामा आर्थिक सहभागीता सहितको सहयोग, २३ औं राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी-१३, मार्सेखोलामा आयोजना गरी करीब २०० जनाको सहभागीतामा सेमि-अटोमेटेड राइस ट्रान्स्प्लान्टरको प्रदर्शनसहित सम्पन्न | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| ३ | क्रप कटिङ्ग कार्यक्रम (धान-१०, मकै-१०, आलु-१०) | संख्या | २१ | २१ | काभ्रेपलान्चोक तथा सिन्धुपाल्चोक जिल्लाका विभिन्न स्थानिय तहहरुमा मकैबाली र धानबाली गरि २० वटा क्रप कटिङ्ग गरि बाली उत्पादकत्व अनुमान तथा तथ्याङ्क अद्यावधिक गरिएको। जसमा मकै बालीको बर्णशंकर को ५.०४ मे.ट./हे. उन्नत मकैको ४.१८ मे.ट./हे. गरी औषतमा ४.६ मे.ट./हे. उत्पादकत्व रहेको। धान बालीको हकमा बर्णशंकर ४.६ मे.ट./हे. र उन्नत ३.९ मे.ट./हे गरी औषतमा ४.३ मे.ट./हे उत्पादकत्व कायम भएको। | |
| ४ | कृषि प्राविधिकहरुका लागि नवप्रवर्तन तथा नविनतम प्रविधि सम्वन्धि तालिम | पटक | १ | १८० | स्थानिय तहमा कार्यरत २२ जना प्राविधिक हरुको उपस्थितिमा ३ दिने कृषि प्राविधिकहरुका लागि नवप्रवर्तन तथा नविनतम प्रविधि | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | सम्वन्धि तालिममा कृषि बीमा, GIS, Smart Agriculture जस्ता नविनतम प्रबिधि सम्बन्धि कुरामा जानकारी दिईएको। | |
| ५ | जिल्ला स्तरमा कृषि प्राविधिक कार्य समुह (DATWG)को वैठक तथा अन्तरक्रिया | संख्या | १ | ३६० | स्थानिय तहमा कार्यरत कृषि प्राविधिक हरुको उपस्थितिमा जिल्ला स्तरमा कृषि प्राविधिक कार्य समुह (DATWG)को वैठक तथा अन्तरक्रिया कार्यक्रममा स्थानिय तहमा रहेको चालु आ.व.का कार्यक्रम तथा प्राविधिक सेवा प्रवाहमा रहेका समस्याहरु तथा तिनको सामधानका विषयमा छलफल सम्पन्न भएको। | |
| ६ | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम (निरन्तरता) | पटक | ८ | १६२५५ | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत ८ वटा स्थानीय तहका समूह/सहकारीसँग सम्झौता गरी सम्झौताबमोजिम कार्यसम्पन्न भएको | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | जसमा कफी बालीका ४ वटा, तरकारी बालीको एक वटा, आलु बालीको २ वटा र मसलाबालीको १ वटा कार्यक्रम सम्पन्न भएको | |
| | | | | | कफि बालीको क्षेत्र विस्तार करिब 25000 बिरुवा, छहारी बिरुवाको क्षेत्र विस्तार 1700, 10 वटा पल्पर मेसिन वितरण, 4 वटा इलेक्ट्रिक तराजु वितरण, 30 वटा मिनिटिलर वितरण। 13 वटा विभिन्न जातका कफि माउ बोटको जातीय प्रदर्शन, प्लाष्टिक मल्च प्रविधि प्रदर्शन , लाभान्वित घरधुरी सँख्या करिब 100 जना , नर्सरी घर स्थापना अनुमानित 10 हजार बिरुवा वार्षिक रुपमा उत्पादन हुने। हालको क्षेत्र विस्तारबाट करिब 2.5 करोड आम्दानी हुने अनुमान। जातीय | **खानीखोला-२ (कफी बाली)** |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | प्रदर्शन मार्फत कफि जातीय पहिचान सहित र रोग र कीरा सहने जातको बिरुवा कृषकहरुलाई उपलब्ध हुने। | |
| | | | | | आलु बालीमा करिब 200 रोपनी क्षेत्र विस्तार, ५ वटा मिनिटिलर वितरण मार्फत यान्त्रिकरण प्रवर्द्धन, डयाङ्ग बनाउने मेसिनको सफल प्रयोग, २ वटा सिचाइ पोखरी निर्माण मार्फत करिब 200 रोपनी क्षेत्रमा सिचाइ व्यवस्थापन, आलुका विभिन्न जातको प्रदर्शन। 15 मेटन प्रति हेक्टर उत्पादन। करिब 50 घरधुरी लाभान्वित भएका। | **त्रिपुरासुन्दरी-५ (आलु बाली)** |
| | | | | | आलुु बालीको क्षेत्र विस्तार करिब 400 रोपनी,26 वटा मिनिटिलर मार्फत यान्त्रिकरण प्रवर्द्धन, करिब 100 रोपनी आलु लगाइने क्षेत्रमा | **बलेफी-१ (आलु बाली)** |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | सिचाइ व्यवस्थापन, आलु बालीको ४०० रोपनीको बीमा मार्फत सुरक्षण गरिएको। 173.5 मेटन कुल आलु उत्पादन। आलुको ५ वटा जातको जातीय प्रदर्शन मार्फत निगाले 10 जातको आलुको 48.64 मेटन प्रति हेक्टर उत्पादकत्व प्राप्त भएको। रोजिटा र सजिता जातको आलुको उत्पादकत्व करिब 35 मेटन प्रति हेक्टर रहेको। करिब 150 घर धुरी लाभान्वित भएका। | |
| | | | | | कफि बालीको क्षेत्र विस्तार करिब 14000 बिरुवा वितरण, 1200 छहारी बिरुवाको क्षेत्र विस्तार , पल्पर सेन्टर सुधार , 20 वटा इलेक्ट्रिक स्प्रेयर वितरण, १५ वटा मिनिटिलर वितरण। प्लाष्टिक मल्च प्रविधि प्रदर्शन , लाभान्वित घरधुरी | **चौतारा साँगाचोकगढी-१० (कफी बाली)** |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | सँख्या करिब 60 जना , अनुमानित । हालको क्षेत्र विस्तारबाट करिब 2.5 करोड आम्दानी हुने अनुमान। प्राङ्गारिक खेति प्रर्बद्धनका लागि ICS तालिम सन्चालन । १ वटा खाडल खन्ने मेसिन वितरण। १ वटा ३३ घन मिटर पानि अटने आर.सी..पोखरी निर्माण। कृषकको क्षमता वृद्दि विकासकालागी तालिम सन्चालन। | |
| | | | | | अदुवा बालीको क्षेत्र विस्तार अनतर्गत १३३.५ रोपनीमा ३० मे.ट अदुवा रोपीसकीएको, यान्त्रीकरण प्रवर्द्धनको लागि २० वटा मिनिटिलर र ३४ वटा ई.स्प्रेयर वितरण तथा २ वटा बेड फर्मर वितरण गरिएको, नँया प्रविधि प्रसार तथा ग्रहण गराउनका लागि स्थलगत तालिम | **इन्द्रावती -५ (मसला बाली)** |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | सम्पन्न, गुणस्तरीय बीउ प्रविधी प्रसार र यान्त्रीकरण सहयोगले लागत न्यूनीकरण हुने र हालको क्षेत्रफलबाट करीब १३५ मे.ट. अदुवा बालीको उत्पादन भई करीब १ करोड बराबरको अदुवाको कारोबार हुन सक्ने देखिन्छ। जसबाट करीब १०० घरधुरी लाभान्वित हुने र पूर्ण तथा आंशिक रोजगारी समेत उपलब्ध हुने अपेक्षा राखिएको छ। | |
| | | | | | क्षेत्र विस्तारका लागि करीब ३५० रोपनी क्षेत्रफलमा ३४००० कफीको बिरुवा रोपण गरीएको र छहारीका लागि समेत ३००० वटा एभोकाडो र मेकेडेमिया नट (कलमी) बिरुवा, ६० वटा सिकेचर र प्रुनिङ्स व्यवस्थापन, उत्पादनोपरान्त व्यवस्थापनका लागि २ जाली घर २ वटा | **महाभारत-५ (कफी बाली)** |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | र कफी सुकाउने घर १० वटा निर्माण गरीएको, सिँचाई व्यवस्थापनका लागि ३ वटा प्लाष्टिक पोखरी इन्टेक तथा पाइप जडान कार्य गरीएको र सिँचाई लाई थप मितव्ययी बनाउन प्रविधि प्रदर्शन मार्फत् ड्रिप सिँचाई र मल्चिङ प्रविधिको प्रदर्शनी समेत गरीएको। सिकाई लाई प्रभावकारी बनाउन स्थलगत तालिम र कृषक भ्रमण समेत सन्चालन गरीएको। कार्यक्रम पश्चात सो क्षेत्रबाट उत्पादन लिन सुरु भएपछि प्रतिवर्ष करीब २ मे.ट. प्रशोधित कफीको बजारीकरण हुने अपेक्षा गरीएको छ। | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | क्षेत्र विस्तारका लागि करीब ४ हेक्टर क्षेत्रफलमा ३८०० कफी बिरुवा, छहारी व्यवस्थापनका लागि ७०० मेकेडेमिया नट र एभोकाडोको बिरुवा रोपण गरीएको छ। यान्त्रीकरण सहयोग मार्फत् स्प्रेयर २६ वटा, खाडल खन्ने मेसिन २ वटा र सिकेचर तथा प्रुनिङ स २६/२६ वटा वितरण गरीयो। नर्सरी व्यवस्थापनका लागि १ वटा नर्सरी घर निर्माण तथा सिँचाई व्यवस्थापनका लागि २ वटा सिमेन्टेड पोखरी निर्माण भएको छ। सिकाई लाई थप प्रभावकारी बनाउन स्थलगत तालिम र कृषक भ्रमण सन्चालन , माटो व्यवस्थापनका लागि नमुना परीक्षण र चुन वितरण समेत सम्पन्न भएको छ। आगामी आ.व. मा कार्यक्रमको निरन्तरता | भुम्लु-७ (कफी बाली) |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | मार्फत् कम्तीमा ३० हेक्टर क्षेत्रफलमा कफी उत्पादन भई करीव १.५ मे.ट. प्रशोधित कफी उत्पादन गर्ने अपेक्षा रहेको छ। | |
| | | | | | व्यवासयिक तरकारी प्रवर्द्धनको लागि ५९ वटा ड्रिप सिँचाई जडान भएका संरक्षित संरचना (बाँसको टनेल) निर्माण तथा प्राङ्गारीक मल को गुणस्तरीयता प्रवर्द्धनको लागि ३० वटा मलखाद हजारी २८१, स्प्रिंकल २८१ र सिकेचर २८१ वटा वितरण गरिएको साथै जैविक विषादी तथा वानस्पातिक विषादीको प्रयोगलाई बढावा दिन विषादी बनाउने कालो ड्रम समेत वितरण गरीएको छ। यस कार्यक्रमबाट वार्षिक १५ मे.ट. भन्दा बढि तरकारीको उत्पादन | **बेथानचोक-२ (तरकारी बाली)** |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | हुने र १२ मे.ट. भन्दा बढि तरकारी बजारसम्म पुग्ने अपेक्षा लिइएको छ। | |
| ८ | खाद्यान्न बालीको गुणस्तरिय बीउ उत्पाादन कृषक पाठशाला | संख्या | १ | १४० | काभ्रेपलान्चोक जिल्लाको चौरीदेउराली गा.पा. मा गहूँ बाली कृषक पाठशाला सन्चालन गरीएको जसमा गहुँको जातीय परीक्षण खाद्यतत्व परीक्षण र झारनाशक विषादी परीक्षण गरीएको। प्रतिवेदन बमोजिम गहुँको जातमा भेरीगंगा जातको गहुँ उत्कृष्ट, सिफारीस मात्राको आधा मात्रामा रासायनिक मल प्रयोग उपयुक्त र झारनाशक प्रयोगमा पोष्ट इमर्जेन्स हर्बिसाइड उपयुक्त देखिएको | |
| ९ | बाली उत्पादकत्व अनुमान-क्रप कटिङ | संख्या | २१ | २१. | बीउविजन आत्मनिर्भर कार्यक्रम अन्तर्गत मकैबाली र धानबालीको क्रप कट गरि तथ्याङ्क अभिलेख गरिएको । समा मकै | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | बालीको बर्णशंकर को ५.०४ मे.ट./हे. उन्नत मकैको ४.१८ मे.ट./हे. गरी औषतमा ४.६ मे.ट./हे. उत्पादकत्व रहेको। धान बालीको हकमा बर्णशंकर ४.६ मे.ट./हे. र उन्नत ३.९ मे.ट./हे गरी औषतमा ४.३ मे.ट./हे उत्पादकत्व कायम भएको। | |
| १० | बीउ उत्पादन तथा व्यवस्थापन विषयक स्थलगत तालिम | संख्या | ३ | ७० | बीउविजन आत्मनिर्भर कार्यक्रम अन्तर्गत बीउ बिजनको क्षेत्र निर्धारण भएका समूह\सहकारीहरूमध्ये चौरीदेउराली, बलेफी र पाँचखालमा करिब ७५ जना कृषकको सहभागीतामा बीउ उत्पादन तथा व्यवस्थापन सम्बन्धी स्थलगत तालिम सम्पन्न | |
| ११ | साना सिंचाई निर्माण कार्यक्रम | संख्या | २२ | २७८७ | २२ वटा कृषि फर्म\समूह\सहकारीमा कार्यक्रम सन्चालन भएको जसबाट करिब २९३ रोपनी | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | क्षेत्रफलमा सिँचाई सुविधा विस्तार भइ १८४ घरधुरी लाभान्वित भएका | |
| १२ | मौरी प्रवर्धन कार्यक्रम | संख्या | ७ | ६५४ | प्राप्त भएका २८ वटा आवेदकमध्ये ७ वटा आवेदक छनौट भई सम्झौता बमोजिम १३० वटा सेरेना मौरीघार (गोला सहित) र मौरीघार स्टयाण्ड खरिद गरी करिब १३ घरधुरी लाभान्वित रहेका | |
| १३ | कफि प्रवर्दन तथा क्षेत्र विस्तार सहयोग | हेक्टर | ९ | २५१६ | ६ वटा साझेदारहरूमार्फत् कार्यक्रम सन्चालन गरी करीब १८३ रोपनी क्षेत्रफल मा कफी खेती विस्तार तथा प्रवर्द्दन भई १२४ घरधुरी लाभान्वित, कार्यक्रम अन्तर्गत ३१४०० कफी बिरुवा, ३३६९ छहारी बिरुवा (एभोकाडो, सिन्तला, मेकाडेमिया नट) र यान्त्रीकरण सहयोग मार्फत् स्प्रेयर(१६ लि.) २० वटा खाडल खन्ने | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | मेसिन ३ वटा, सिकेचर ७०, प्रुनिङ स ७०, मिनीटिलर १५ ड्राइङ हाउस १ वटा र अन्तरजिल्ला भ्रमण १ वटा सम्पन्न, कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण तथा प्राविधिक सहयोगले कफीको लागत न्यूनीकरणमा सहयोग पुर्याउने देखिन्छ। उत्पादन सुरुवात भए पश्चात् यस कार्यक्रम मार्फत् करीब ०.५ मे.ट. भन्दा बढिको कफी को बजारीकरण हुने अपेक्षा राखीएको छ। | |
| १४ | व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | २१ | १३९४ | ९ वटा छनौट भएका साझेदारहरूमार्फत् ३०१ रोपनी क्षेत्रफलमा कफी कागती, किवी, ओखर, एभोकाडो जस्ता फलफूल खेती प्रवर्द्धन तथा फलफूल अन्तर्गतको क्षेत्र विस्तार भइ ७४ घरधुरी लाभान्वित। कार्यक्रमको सामग्री | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | सहयोग मार्फत् बिरुवा वितरण अन्तर्गत ८९२ ड्रागनफ्रुट, १५० किवी, २५५० सुन्तलाजात, १०० वटा आप, १७० वटा एभोकाडो विरुवा रोपण तथा १०५ किवी थाँक्रा र ४०८ ड्रागनफ्रुट थाँक्रा निर्माण भएका छन्। यान्त्रीकरण सहयोग तर्फ ११ वटा मिनिटिलर, २७ वटा स्प्रेयर ४० वटा सिकेचर, ४० वटा प्रुनिङ स १ वटा डिहाइड्रेटर मेसिन र १ वटा फ्रुट स्लाइसर खरिद भएका छन्। सिंचाई व्यवस्थापन तर्फ ७ वटा वाटर पम्प वितरण तथा जडान समेत भइसकेको छ। यस कार्यक्रममार्फत करीव १५ हेक्टर क्षेत्रफलबाट करिब १६० मे.ट. फलफूल उत्पादन भई करिब १५० मे.ट. फलफूल | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | बजारीकरण हुने अपेक्षा गरिएको छ। | |
| १५ | रैथाने बाली प्रबर्द्धन कार्यक्रम | हेक्टर | ७ | ६४८ | ४ जना साझेदारहरूमार्फत् १४० रोपनी क्षेत्रफलमा कोदो तथा फापर बालीको विस्तार तथा प्रवर्द्धन भएको जसबाट २५० घरधुरीहरू लाभान्वित भएका | |
| १६ | व्यावसायिक तरकारी प्रवर्दन कार्यक्रम | हेक्टर | २८ | २५२२ | प्राप्त भएका ३६ वटा आवेदकमार्फत् ५६० रोपनी क्षेत्रफलमा तरकारी क्षेत्र विस्तार, करिब 6300 वर्ग मि.को संरचना निर्माण, संरचनाभित्र करिब 96000 के.जी बजारयोग्य गोलभेडा उत्पादन र कुल 19 लाख बराबरको | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | कारोबार हुने प्रक्षेपण, ड्रिप सिँचाई र मल्चिङ प्रविधिसहित तरकारीको क्षेत्र विस्तार भई करीब १२० घरधुरी लाभान्वित | |
| १७ | व्यावसायिक खाद्यान्न बाली प्रवर्दन कार्यक्रम | हेक्टर | १८ | १६४१ | ७ जना साझेदारहरूमार्फत् ४.५ हेक्टर क्षेत्रफलमा धान र १३ हेक्टर क्षेत्रफलमा मकै बालीको क्षेत्र विस्तार, यान्त्रीकरण प्रवर्द्धन मार्फत् ५१ वटा मिनिटिलर, २१ वटा कम्बाइन मिल, १ वटा ज्तयाब प्थालान्टर, २ वटा पुस रो सिडर, १२ वटा मेज सेलर र २० वटा इलेक्ट्रिक स्प्रेयरका साथै उत्पादनोपरान्त व्यवस्थापनका लागि त्रिपाल, हर्मेटिक व्याग साथै माग र आवश्यकता अनुसार सिँचाई व्यवस्थापन समेत गरीएको छ। कार्यक्रममार्फत् करीब | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | ४०० घरधुरी लाभान्वित भएका छन्। यस कार्यक्रमबाट क्षेत्र विस्तार हुँदा मार्फत् धानको उत्पादन करीब १३ मे.ट. र मकैको उत्पादन करीब ३० मे.ट. ले बृद्दि हुने अपेक्षा राखिएको छ। | |
| १८ | ब्याबसायिक च्याउ खेति प्रबर्धन कार्यक्रम | संख्या | ४ | ६९६ | ४ जना साझेदारहहरू मार्फत् करीब ७ वटा च्याऊ घर ( ४ फलाम र ३ बाँस) निर्माण भई सिताके च्याऊ र कन्ये च्याऊ को क्षेत्र विस्तार एवम् प्रविधि प्रसार भइ ६ घरधुरी लाभान्वित भएको साथै यसबाट ४ जना कृषकहरूलाई रोजगारी समेत पुग्ने | |
| १९ | कृषि उद्यमशिलता विकास/सहयोग कार्यक्रम | संख्या | २७ | २१८० | 22 वटा साझेदारहरू मार्फत् संरक्षित संरचनामा तरकारी खेती, साना सिँचाई विस्तार, फलफूल बाली प्रवर्द्धन, च्याऊ तथा मसलाबाली प्रवर्द्धन जस्ता क्रियाकलापहरू | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | सन्चालनमा आई करिव ३० घरधुरी लाभान्वित भएका छन् करीब ९ वटा फलामे टनेल र ६५ वटा प्लाष्टिक टनेल मार्फत् करीब ५० मे.ट. भन्दा बढि तरकारी उत्पादन हुने र ४५ मे.ट. तरकारी बजारीकरण हुने समेत आँकलन गरीएको छ। | |
| २० | खाद्यान्न बालीको गुणस्तरिय बीउ उत्पाादन कृषक पाठशाला | संख्या | १ | १४० | काभ्रेपलान्चोक जिल्लाको चौरीदेउराली गा.पा. मा गहूँ बाली कृषक पाठशाला सन्चालन भइरहेको | |
| २१ | बीउ उत्पादन तथा व्यवस्थापन विषयक स्थलगत तालिम | संख्या | ३ | ७० | काभ्रेपलान्चोक जिल्लाको चौरीदेउराली गा.पा., पाँचखाल न.पा. र सिन्धुपाल्चोकको बलेफी गा.पा. मा २५/२५ जनाको कृषक समूहमा बीउ उत्पादन सम्बन्धी तालिम सम्पन्न | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| २२ | जिल्ला स्तरमा विषादी व्यवस्थापन तथा नियमन सम्बन्धी विषादी व्यवसायी तथा एग्रो भेटहरूसँग अन्तर्क्रीया कार्यक्रम | संख्या | १ | ९० | काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लाका विषादी व्यवसायी, कृषकहरू, बाली संरक्षण प्रयोगशाला, PQPMC सहितको ७० जनाको उपस्थितिमा अन्तर्क्रिया सम्पन्न | |
| २३ | जिल्ला स्तरमा बीउ उत्पादक, बीउ व्यवसायी तथा सरोकारवालाहरूहरूसँग अन्तर्क्रीया कार्यक्रम | संख्या | १ | ९० | काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लाका बिउविजन व्यवसायी, कृषकहरू, बाली संरक्षण प्रयोगशाला, SQCC सहितको ७० जनाको उपस्थितिमा अन्तर्क्रिया सम्पन्न | |
| २४ | कृषि कर्जा तथा बिमामा कृषकको पहुँच बढाउन बैंक, बिमा कम्पनी कृषकहरूसँग अनतर्क्रीया | संख्या | १ | ९० | काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लाका कृषकहरू, बैंक तथा वित्तिय संस्था, बिमा कम्पनी र कृषि विभागको बिमा शाखा सहितको ६० जनाको उपस्थितिमा अन्तर्क्रिया सम्पन्न | |
| २५ | कृषक सहजकर्तामार्फत् कृषक पाठशाला सन्चालन | संख्या | ४ | ३३६.१ | सिन्धुपाल्चोकको बलेफी गा.पा. र काभ्रेपलान्चोकको बेथानचोक गा.पा., | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | नमोबुद्द न.पा. र पनौती न.पा. मा लहरेबाली तथा काँक्रोमा आई.पि.एम्. कृषक पाठशाला सन्चालन भएको | |
| २६ | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम ब्लक विकास कार्यक्रम | | | २१५४.७४८ | ब्लक स्थापनका लागि महाभारत गा.पा. मा २ वटा समूह/सहकारी मार्फत् कफी प्रवर्द्धनको लागि करीब ७० हेकटर क्षेत्रफलमा २३००० कफी विरुवा रोपण छहारीका लागि मेकेडेमिया र एभोकाडो विरुवा वितरण, कफी नर्सरी का लागि फलामको टनेल निर्माण र यान्त्रीकरण सहयोगमार्फत् १२ वटा मिनिटिलर ४ वटा खाडल खन्ने मेसिन, ३० वटा इलेक्ट्रिक स्प्रेयर वितरण। सिकाई अभिवृद्दिका लागि कृषक तालिम तथा भ्रमण समेत सन्चालन गरीएको। कार्यक्रम | |

| सि.न. | सञ्चालित प्रमुख कार्यक्रम | | | | हाँसिल मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | एकाइ | परिमाण | बजेट खर्च रु. हजारमा | | |
| | | | | | लागु भएको क्षेत्रमा कफीको उत्पादन सुरु भएपश्चात करीब ४ मे.ट. कफीको वार्षिक कारोबार हुने अपेक्षा राखिएको। | |
| २७ | एक जिल्ला एक विशेष कृषि पकेट | संख्या | ३ | २५०० | ३ वटा सँस्था मार्फत कार्यक्रम कार्यान्वयन, 75 वटा बाँसको संरचना निर्माण, करिब 65625 के.जी बजारयोग्य उत्पादन, कुल रकम रु 13.12 लाख बराबरको बिक्री अनुमान, करिब 55 रोपनी क्षेत्रफलमा थोपा सिचाइ जडान | |
| २८ | खाद्यान्न बालीको उन्नत बीउ उत्पाादन क्षेत्रविस्तार सहयोग | हेक्टर | १० | १४७ | १० हेक्टर क्षेत्रफलमा मकैको उन्नत बीउ उत्पादनका लागि सामाग्री (त्रिपाल ३३, ई. तराजु २, हर्मेटिक ब्याग १०४ र ई. स्प्रेयर ५ ) सहयोग लक्षित क्षेत्रबाट करीब २० मे.ट. बीउ उत्पादन तथा बजारीकरण हुने, कार्यक्रमबाट लाभान्वित घरधुरी संख्या ५० रहेको। | |

**१०.सूचना अधिकारी र प्रमुखको नाम र पद**

सूचना अधिकारीः

नामः विवेकानन्द महत

पदः कृषि प्रसार अधिकृत, अधिकृत आठौं

सम्पर्क नं. ९७६२८८८८८२

कार्यालय प्रमुखः

नामः कुल प्रसाद दवाडी

पदः बरिष्ठ बाली विकास अधिकृत, अधिकृत नवौं

सम्पर्क नं. ९८५११९१५८९

**११.ऐन, नियम, वा कार्यविधिको सूची**

(१) ऐनहरू तथा नियमहरु

(१) बीउ विजन ऐन, २०४५ (दोस्रो संशोधन २०७९)

(२) प्रदेश बीउ विजन ऐन, २०७६

(३) कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७६

(४) विरुवा संरक्षण ऐन, २०६४ (पहिलो संशोधन २०७९)

(५) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन, २०७५

(६) बीउ विजन नियमावली, २०८१

(२) कार्यविधिहरू, मार्गदर्शन, मापदण्ड आदि

(१) कृषि क्षेत्रमा विपद्बाट क्षति पुगेका कृषकहरुलाई राहत वितरण कार्यविधि-२०८२

(२) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

(३) एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यविधि, २०८२

(४) एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**१२.सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण**

https://kavre.ado.gov.np/

**१३.सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय**

औपचारिक किसिमबाट हालसम्म कसैबाट पनि सुचना माग नभएको ।तथापी, अनौपचारिक रुपमा कार्यालयमा आएर वा टेलिफोन मार्फत सम्पर्क गर्नेलाई सूचना एवं जानकारी दिने गरिएको ।

**१४. सञ्चारका सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

कार्यालयको website, सामाजिक सञ्जाल स्थानीय संचार माध्यमहरु तथा आवश्यकता अनुसार राष्ट्रियस्तरका आमसंचार माध्यमहरुबाट प्रकाशन तथा प्रसारण गर्ने गरिएको ।